http://www.ird.gov.np

# कर बुलेटिन
Tax Bulletin

आन्तरिक राजस्व विभागको मासिक प्रकाशन

वर्ष ३, अङ्क ७, २०७२ माघ, Year 3, Issue 7, February 2016

## राजस्व संकलन १० प्रतिशतले वृद्धि

काठमाडौं । आर्थिक वर्ष २०७२/०७३ माघ मसान्तसम्मको राजस्व संकलनमा गत वर्षको सोही अवधिको तुलनामा १० प्रतिशतले वृद्धि भएको छ । आर्थिक वर्ष २०७२/०७३ माघ महिनासम्मको राजस्व संकलनको लक्ष्य रु. १ खर्व १ अर्व ७५ करोड ५५ लाख ८ हजार रहेकोमा रु. ९१ अर्व ४७ करोड ९२ लाख १९ हजार संकलन भई लक्ष्यको तुलनामा ९० प्रतिशतको प्रगति भएको छ। शिर्षकगत रूपमा हेर्दा आयकर तर्फ रु. ४८ अर्व १०

**Revenue Target and Collection** Rs 000

| Group | Monthly Target | Monthly Collection | Percent | Total Target | Total Collection | Percent |
|---|---|---|---|---|---|---|
| Income Tax | 5132036 | 4462988 | 86.96 | 47819248 | 41741726 | 87.29 |
| House Rent Tax | 165984 | 204311 | 123.09 | 1536622 | 1710506 | 111.32 |
| Interest | 1543858 | 1187784 | 76.94 | 5502589 | 4663612 | 84.75 |
| VAT (Internal) | 3650415 | 3402747 | 93.22 | 26884472 | 26401413 | 98.2 |
| Excise (Internal) | 2617331 | 3009863 | 115 | 19090189 | 16232523 | 85.03 |
| Health Service | 14784 | 19693 | 133.21 | 520671 | 415891 | 79.88 |
| Education | 33810 | 33170 | 98.11 | 401717 | 328225 | 81.71 |
| Total | 13158218 | 12320557 | 93.63 | 101755508 | 91493896 | 89.92 |

करोड ६० लाख १५ हजार, मूल्य अभिवृद्धि कर रु. २६ अर्व ३९ करोड ६७ लाख ३२ हजार र अन्तःशुल्क तर्फ रु. १६ अर्व २३ करोड २३ लाख ५६ हजार संकलन भएको छ। सो रकम लक्ष्यको तुलनामा आयकर तर्फ ८८ प्रतिशत, मूल्यअभिवृद्धि कर तर्फ ९८ प्रतिशत र अन्तशुल्क तर्फ ८५ प्रतिशत हो। त्यसैगरी शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा कर क्रमशः रु. ३२ करोड ८२ लाखबाँकी ९ पेजमा....

# राजस्व सचिव श्री राजन खनालद्वारा
# आन्तरिक राजस्व कार्यालय काठमाडौं क्षेत्र नं. १ र २ को निरीक्षण



राजस्व सचिव श्री राजन खनालले २०७२ माघ १४ गते आन्तरिक राजस्व कार्यालय काठमाडौं क्षेत्र नं. १ र २ को निरीक्षण गर्नुभयो। उक्त निरीक्षणको क्रममा श्री खनालले चालु आ.व. २०७२/०७३ को पौष मसान्तसम्म कार्यालयले संकलन गरेको राजस्व लक्ष्यको तुलनामा रु ५७ करोड ९७ लाख ८१ हजारले कमी देखिएको बताउनुहुँदै राजस्व कमी भएको कारण सहित शिर्षकगत एवं क्षेत्रगत विश्लेषण गरी अर्थमन्त्रालयबाट स्वीकृत भएको राजस्व परिपुरणको वैकल्पिक कार्ययोजना अनुसार राजस्व संकलन गरी कमी भएको राजस्व परिपूर्ति गर्न निर्देशन दिनुभयो।

सचिव श्री खनालले कर परीक्षण तथा अनुसन्धानको प्रगति लक्ष्य न्यून देखिएकोले उपयुक्त गुणस्तरमा लक्ष्य हासिल गर्न समेत निर्देशन दिनुभयो। उहाँले कर परीक्षण तथा अनुसन्धानमा छनौट भएका फाइलहरु जोखिम परिसूचकहरुको विश्लेषण सहित छनौट गर्न र कर प्रशासनको क्षमता प्रदर्शन गर्न प्रमुख कर प्रशासकले ध्यान दिनु पर्ने विषयमा जोड दिनुभयो। प्रमुख कर अधिकृतहरुले आफ्नो शाखाको कामप्रति पूर्ण जिम्मेवार भई अन्तरगतका कर्मचारीलाई प्रभावकारी रुपमा परिचालन गर्न, कार्यालयभित्र आफूले जानेका, सिकेका विषय र कर परीक्षणमा पहिचान भएका नयाँ विषय भएमा एक आपसमा आदान प्रदान गर्न र यस्ता ज्ञान एवंबाँकी ६ पेजमा....

## आँखीझ्याल

**औषधी व्यवसायीहरुसंग अन्तर्क्रिया सम्पन्न** पृष्ठ ३

**कर परीक्षण तथा अनुसन्धान सम्बन्धी तालिम सम्पन्न** पृष्ठ ४

**महानिर्देशक श्री चुडामणि शर्मा द्वारा कार्यालयहरुलाई निर्देशन** पृष्ठ ५



# महानिर्देशकको सन्देश

**परिस्थिति सहज बन्दै गएको स्थितिमा विकास कार्यहरु अगाडि बढ्दै गएको, पूजीगत खर्चमा बढोत्तरी हुँदै जाने, पुनर्निर्माण प्राधिकरणले कार्य बढाउँदै जाने हुँदा अबका दिनमा राजस्व प्रशासनले गर्नु पर्ने कार्यलाई प्रभावकारी रुपमा कार्य संचालन गरेमा आगामी दिनमा राजस्वको लक्ष्य सहज रुपमा पूरा हुँदै जानेछ भन्ने आशा समेत लिएको छु ।**

आर्थिक वर्ष २०७२/०७३ को अर्ध वार्षिक प्रगति समीक्षा सम्पन्न भइसकेको छ । यस आ.व.को शुरुवातसँगै मधेश आन्दोलन, बन्द, हड्तालले सहज आपूर्ति हुन नसक्दा कर संकलनमा संकुचन आई माघ मसान्तसम्म निर्धारण गरिएको राजस्व लक्ष्य रु १०१ अर्ब ७५ करोड भएकोमा करिव रु ९१ अर्ब मात्र संकलन हुन गई लक्ष्यको करिव ९० प्रतिशत मात्र संकलन भएको छ। भाद्र महिनादेखि आन्तरिक राजस्व कार्यालय वीरगन्ज, जनकपुर, लहान र कृष्णनगर करिव वन्द कै अवस्थामा रहे भने करदाता सेवा कार्यालय गौर संचालनमा आउन सकेन। सो को फलस्वरुप राजस्व संकलन र अन्य लक्ष्य अनुरुप प्रगति अपेक्षित रुपमा प्रभावकारी हुन सकेन ।

यी नै परिस्थितिका बाबजुद यस अवधिमा अर्थ मन्त्रालय र विभाग बीचमा कार्य सम्पादन सम्झौता सम्पन्न गरी सो अनुसार कार्यहरुलाई अगाडि बढाइएको छ। साथै विभाग र मातहत कार्यालयहरुको बीचमा कार्य सम्पादनको सूचकांक विकास गरी कार्य सम्पादन सम्झौता गरिएको छ । यिनै कार्य सम्पादन सम्झौताका विषयहरुको कार्य सम्पादन स्तर मूल्यांकन गर्ने र देखिएका कमी कमजोरीहरुमा सुधार ल्याउने अभिप्रायले गरिएको समीक्षा बैठकमा कार्यालयहरुले अवका दिनमा केन्द्रित रहनुपर्ने विषयवस्तु तथा प्रभावकारी कार्यसम्पादनको वारेमा निर्क्यौल गरी आवश्यक निर्देशन समेत दिइसकिएको छ ।

यस अवधिमा राजस्व असुली तथा कर प्रशासनलाई प्रभावकारी रुपमा संचालन गर्नको लागि आ.व. २०७२/०७३ को राजस्व नीति तथा कार्यक्रम एवं कार्य योजना अनुरुप तयार भएको विभागीय कार्य योजना, नेपाल सरकारद्वारा जारी भएको श्वेत पत्र (White Paper) मा उल्लेख भएको विषय, राजस्व प्रशासनलाई थप प्रभावकारी रुपमा परिचालन गर्न श्वेतपत्रका आधारमा तयार गरिएको Revenue Mobilization को Back Up Plan, आर्थिक ऐनमा उल्लेख भएका विषयहरु र प्राप्त नीतिगत निर्देशनहरु तथा अर्थ मन्त्रालय र विभागको बीचमा भएको कार्य सम्पादन सम्झौतालाई आधार लिई विभागले पनि आफ्ना हरेक गतिविधिहरुलाई त्यसतर्फ केन्द्रिकृत गरेको छ ।

विगत समयमा आन्तरिक राजस्व तर्फ मधेश आन्दोलन, बन्द हड्ताल तथा नाकाबन्दीको कारणले पर्न गएको असरलाई न्यून गर्नको लागि अर्थ मन्त्रालयबाट प्राप्त हुन आएको Revenue Back Up Plan को प्रभावकारी कार्यान्वयन र कर फछ्र्यौट आयोगबाट सम्झौता भई सकेका तर राजस्व दाखिला नगरेका करदातालाई राजस्व दाखिलाको लागि Speed up गर्ने, हालसम्म ठूलो अंकमा रहेको बक्यौतालाई प्राथमिकता दिई असुली गर्ने कार्यलाई अगाडि बढाउने, बक्यौतालाई समय र रकमको आधारमा वर्गीकरण गरी कार्य सम्पादन गर्ने, बढी क्रेडिट रहेका करदाताको चालु वर्षको कर परीक्षणमा जोड दिने, बेरुजु फछ्र्यौटको लक्ष्यलाई पूरा गर्ने गरी कार्य सम्पादन गर्ने र शिक्षा सेवा शुल्क, स्वास्थ्य सेवा करको समेत प्रभावकारी अनुगमन गर्ने, कर परीक्षणलाई प्राथमिकता दिने, कर चुहावटलाई नियन्त्रण गर्नको लागि अनुसन्धानको कार्यलाई अगाडि बढाउने गरी कार्य सम्पादन गरी तोकिएको लक्ष्य हासिल गर्नुपर्ने छ ।

यस अवसरमा म करदातालाई आफूले आय विवरण पेश गर्न बाँकी भए तयार गरी यथाशीघ्र पेश गर्नुहुन र किस्ता रकम अग्रीम कर कट्टी रकम, मूल्य अभिवृद्धि कर विवरण तथा रकम असुली गर्नको लागि समेत अनुरोध गर्दछु ।

हाल वातावरण सहज हुँदै गएको स्थितिमा कर प्रशासन र करदाता दुवै तर्फबाट नियमित गर्नुपर्ने कार्यलाई निरन्तरता दिई कर कानूनको पूर्ण पालनाको लागि समेत अनुरोध गर्दछु ।

परिस्थिति सहज बन्दै गएको स्थितिमा विकास कार्यहरु अगाडि बढ्दै गएको, पूँजीगत खर्चमा बढोत्तरी हुँदै जाने, पुनर्निर्माण प्राधिकरणले कार्य बढाउँदै जाने हुँदा अबका दिनमा राजस्व प्रशासनले गर्नु पर्ने कार्यलाई प्रभावकारी रुपमा कार्य संचालन गरेमा आगामी दिनमा राजस्वको लक्ष्य सहज रुपमा पूरा हुँदै जानेछ भन्ने विश्वास लिएको छु।

यस परिस्थितिमा म समग्र करदाता र कर प्रशासनमा कार्य गर्ने कर्मचारीहरुलाई आफ्नो आफ्नो क्षेत्रबाट प्रभावकारी रुपमा कार्य सम्पादन गरी आ-आफ्नो कार्य क्षेत्रमा सक्रिय रहन म अनुरोध गर्दछु ।

फागुन, २०७२

**चुडामणि शर्मा**
महानिर्देशक

# औषधि व्यवसायीहरूसँग अन्तर्क्रिया सम्पन्न




आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्मा र औषधि व्यवसायी संघका पदाधिकारीहरु

काठमाडौं । करदाता सेवा कार्यालय ठमेल र नेपाल औषधी व्यवसायी संघ वाग्मती अञ्चल शाखाको संयुक्त आयोजनामा लेखा प्रणाली तथा कम्प्युटर विलिङ सम्बन्धी कार्यशाला तथा अन्तर्क्रिया कार्यक्रम माघ १६ गते सम्पन्न भएको छ। नेपाल सरकारको नीति अनुरुप सवै औषधी व्यवसायीहरुलाई आधुनिक प्रविधिको प्रयोग गरी लेखा व्यवस्थापन गर्न सो कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले कार्यक्रम सान्दर्भिक रहेको बताउनुहुँदै यस्ता कार्यक्रम आयोजना नभएसम्म एउटा मनको कुरा अर्को मनलाई थाहा नभई बुझ्ने र बुझाउनेको बीचमा ग्याप हुन सक्छ भन्नुहुँदै सुन्ने, सुनाउने र सुधार्ने चरणमा व्यवसायी सधैं सचेत हुनुपर्ने बताउनुभयो । समग्र मुलुकको कर प्रणाली सुधार गर्नका लागि मात्र नभई व्यवसाय सुधार गर्नको लागि समेत विभाग प्रयासरत रहेको जानकारी दिनुहुँदै उहाँले महाभूकम्प र सीमानामा देखिएको असहज परिस्थितिका वावजुद पनि औषधि व्यवसायीहरुबाट जुन खालको भूमिका निर्वाह भयो त्यसको लागि हार्दिक आभार समेत व्यक्त गर्नुभयो ।

महानिर्देशक शर्माले शासन व्यवस्था सहभागितामूलक रहेको बताउनुहुदै व्यवसायीहरु सरकारका सहयात्री भएको बताउनुभयो । औषधि व्यवसायमा कुनै कमी कमजोरी भए सुधार्न जरुरी रहेको बताउनुहुँदै उहाँले हिजो राज्यबाट, कर अधिकृतबाट निर्देशित कर प्रशासनलाई सहज र सरल बनाउन स्वयं करदातालाई पहिलो कर अधिकृतको रुपमा अधिकार प्रदान गरिएको जानकारी दिनुभयो ।

परिस्थिति कता गएको छ, व्यवसाय गर्दा काम कर्तव्य अधिकार के हो ? बुझ्न र सचेत हुन जरुरी रहेको तथा आफ्नो सक्षमता आफै विकास गर्नुपर्ने कुरामा जोड दिनुहुँदै आफ्ना सरोकारको पक्षमा सरकारले ल्याएको नीति अनुरुप समयवद्ध ढंगले अघि बढ्न सवै व्यवसायीहरुलाई आग्रह समेत गर्नुभयो ।

सम्मान पाउनका लागि सम्मानजनक व्यवहार हुन जरुरी रहेको हुँदा कानुन बमोजिम व्यवसायीले कर तिरेको खण्डमा सम्मान पाइने कुरामा जोड दिनुहुँदै औषधि व्यवसायलाई एउटा विधाको रुपमा प्रत्येक वर्ष सम्मानित गर्दै आएको समेत बताउनुभयो। तर कर छल्ने र दायित्वबाट भाग्ने कोशिष गरे व्यवसायी छानविनमा पर्न सक्ने र अपमानित पनि हुन सक्ने उहाँको भनाइ थियो। आफूले आय आर्जन गरेको सम्पत्तिमा लाग्ने कर तिरेर वैधानिक बनाउन पनि उहाँले आग्रह गर्नुभयो ।

सकारात्मक सोचको विकास गर्न आग्रह गर्नुहुँदै मैत्रीपूर्ण व्यवहार पनि जरुरी रहेको उहाँको भनाइ थियो । ऐन, कानुन, रिती रिवाजको परिपालना गर्न पनि उहाँले आग्रह गर्नुभयो । एकले अर्कालाई बुझाउन, एक रुपता अपनाउन, एक अर्कामा भएका समस्याहरु समाधान गर्न साझा पुस्तिका तयार गर्न विभाग तयार रहेको समेत बताउनुभयो । सरोकारवाला टिमसँग निर्णय गरेर समस्याहरु समाधान गर्ने प्रयास भएको बताउनुहुँदै महानिर्देशक शर्माले सवैको सफल व्यवहार र सफल व्यवसायको लागि शुभकामना समेत दिनुभयो ।

कार्यक्रममा आन्तरिक राजस्व विभागका निर्देशक श्री चुडामणि ढुंगाना र आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. ३ का सूचना प्रविधि अधिकृत श्री थानेश्वरप्रसाद पनेरुले कम्प्यूटर विजक सम्बन्धी कार्यविधि २०७१ को आवश्यकता र उपयोगको वारेमा छुट्टाछुट्टै कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । व्यवसायीहरुबाट उठेका जिज्ञासाहरुको समेत उहाँले समाधान गर्नु भएको थियो ।

करदाता सेवा कार्यालय ठमेलका प्रमुख कर अधिकृत श्री मुकुन्द पोखेलले नेपाल सरकार अर्थ मन्त्रालय अन्तर्गत आन्तरिक राजस्व विभागलाई आन्तरिक राजस्व संकलन गरी आन्तरिक श्रोतको परिचालनलाई प्रभावकारी बनाउने जिम्मेवारी दिएको बताउनुभयो। आन्तरिक राजस्व विभागले आफ्ना मातहतका कार्यालयहरुबाट करको दायरा फराकिलो बनाउन, करदातालाई सहज र सरल तरिकाले सेवा प्रदान गर्न सेवा कार्यालयको विस्तार गरिएकोले आफ्नो क्षेत्रभित्रका करदाताहरुबीच निरन्तर अन्तर्क्रिया गर्ने, छलफल गर्ने, एवं करदाता शिक्षा मार्फत् करदाता र कर प्रशासनबीचको सम्बन्धलाई प्रभावकारी बनाउने, करदातालाई कर प्रशासन, कर कानुनका सन्दर्भमा विभिन्न जानकारी प्रदान गर्ने गरिएको बताउनुभयो ।

श्री पोखेलले देशको समग्र शासन प्रणालीको उद्देश्य भनेको आधुनिक, समृद्ध र न्यायपूर्ण नेपाल निर्माण गर्नु हो भन्नुहुँदै यसका लागि आन्तरिक राजस्व परिचालनलाई प्रभावकारी बनाउनुपर्ने त्यसकारण व्यवसायी एवं करदाताहरु र करप्रशासनको सकृयतामा मात्र देश निर्माण गर्न सकिने बताउनुभयो । उहाँले अहिलेको विषम परिस्थितिमा पनि





राजस्व परिचालनमा करदाताको अतुलनीय भूमिका र योगदान रहेको बताउनुभयो ।

उहाँले कर तिर्नु भनेको राज्यलाई मात्र योगदान नभई आफ्नो आम्दानीको वैधता प्राप्त गर्नु पनि हो भन्ने सचेतना व्यवसायीमा बढेको बताउनुभयो ।

कार्यक्रममा औषधि व्यवसायी संघका अध्यक्ष मृगेन्द्र मेयर श्रेष्ठले औषधि व्यवसायीलाई कसरी समय सापेक्ष बनाउने भनी विभिन्न कार्यक्रमको आयोजना गर्दै आएकोमा यस्ता कार्यक्रमबाट सिकेका कुरा व्यवहारमा उतार्न व्यवसायीहरुलाई आग्रह गर्नुभयो ।

औषधि व्यवसायी संघका पूर्व अध्यक्ष श्री रामचन्द्र शर्माले भूकम्पदेखि नाकाबन्दीसम्म राज्यलाई गर्नुपर्ने दायित्वमा नचुकेको तथा भूकम्प पीडितका लागि औषधि र राहत वितरण गरेको जानकारी दिनुहुँदै राष्ट्र निर्माणमा सहयोग गरेकोले आफूहरुले तिरेको राजस्वको उचित परिचालन हुनुपर्ने र कर कार्यालय जाँदा तर्सिनु पर्ने अवस्था आउन नहुने विचार व्यक्त गर्नु भएको थियो ।

नेपाल औषधि व्यवसायी संघ वागमती अञ्चल अध्यक्ष श्री निरन्जनप्रसाद रिजालले औषधि व्यवसायलाई पारदर्शी र छिटो छरितो बनाउन ३ दशकदेखि नै कम्प्यूटराइज विलिङ हुँदै आएको जानकारी दिनुभयो । उहाँले औषधि व्यवस्था विभागबाट स्वीकृत औषधिको मात्र कारोवार गरिरहेको बताउनुहुँदै वैकिङ सेवा सरल, सुलभ बनाउने प्रयास भइरहेको समेत जानकारी दिनुभयो ।

कार्यक्रममा करदाता सेवा कार्यालय ठमेलका कर अधिकृतहरु लगायत उपत्यका भित्रका औषधि व्यवसायीहरुको उपस्थिति रहेको थियो ।

# आन्तरिक राजस्व विभागको टोलीद्वारा कार्यालयको निरीक्षण

आन्तरिक राजस्व विभागको टोलीले कार्यालयको कार्य सम्पादनको सम्बन्धमा विभिन्न मितिमा करदाता सेवा कार्यालयहरुको निरीक्षण सम्पन्न गरेको छ । सो निरीक्षणको क्रममा करदाता सेवा कार्यालय त्रिपुरेश्वर, कालिमाटी र कोटेश्वरको निरीक्षण गरेको हो । निरीक्षणको क्रममा राजस्वको लक्ष्य र प्रगति, कर परीक्षण, अनुसन्धान, करदाता दर्ता, बक्यौता तथा बेरुजु र प्रशासनिक कार्य सम्पादन सम्बन्धमा विस्तृत रुपमा अनुगमन गरेको छ । सो अनुगमनमा कार्यालयले लिएको कार्य योजना, कार्य गर्ने तौर तरिका र कार्य सम्पादनको स्तरको मूल्यांकन समेत गरेको थियो । उक्त टोलीमा विभागको अनुगमन तथा मूल्यांकन शाखा/कर परीक्षण शाखा/अनुसन्धान शाखा, प्रशासन शाखा, सूचना प्रविधि शाखा, करदाता सेवा शाखाका निर्देशकहरु रहनु भएको थियो । उक्त अवसरमा कार्य सम्पादन गर्ने क्रममा देखिएका कमजोरी र सुधार गर्नुपर्ने विषयमा निर्देशन दिइएको थियो ।

# कर परीक्षण तथा अनुसन्धान सम्बन्धी तालिम सम्पन्न



काठमाडौं । आन्तरिक राजस्व विभागले आफ्ना मातहतका कर्मचारीहरुलाई माघ ११ देखि १७ गतेसम्म कर परीक्षण र अनुसन्धान सम्बन्धी तालिम प्रदान गरेको छ । कार्यक्रमको शुभारम्भ गर्नुहुँदै महानिर्देशक श्री चुडामणि शर्माले ज्ञान शिप बाँड्न र व्यवहारमा उतार्न निर्देशन दिनुभयो । कर्मचारीको समग्र मूल्यांकन सरुवा र कार्य सम्पादनमा मात्र



नहुने बताउनुहुँदै विभागले प्रत्येक क्रियाकलापको अनुगमन गरिरहेको बताउनुभयो । ज्ञान शिप देखाउनु भयो भने त्यसैको आधारमा विभागले मूल्याकन गर्ने उहाँको भनाइ थियो । तालिम घर परिवारको आन्तरिक मामिला भएको बताउनुहुँदै तालिम सफलताको लागि शुभकामना दिनुभयो । सात दिनसम्म चलेको सो कार्यक्रममा कर परीक्षण तथा अनुसन्धानका विविध विषयहरु समावेश गरी छलफल तथा अन्तर्क्रियात्मक ढंगले कक्षा संचालन गरिएको थियो ।

## मालसामान तथा सेवा खरिद बिक्री गर्दा बिल विजक लिने दिने सम्बन्धी सूचना

मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम वस्तु तथा सेवा बिक्री गर्दा बिक्रेताले क्रेतालाई अनिवार्य रुपमा बिजक जारी गरे नगरेको अनुगमन गर्न आन्तरिक राजस्व विभाग तथा मातहत कार्यालयबाट बजारमा कर अधिकृत सहितको टोलीहरू खटाइएको छ । बिक्रेताले विजक जारी गरेको नपाइएमा वा कारोवार भन्दा घटीमा बिजक जारी गरेको पाइएमा मूल्य अभिवृद्धि कर ऐन बमोजिम कर अधिकृतले प्रत्येक पटक रु ५०००।- (पाँच हजार मात्र) तत्काल जरिवाना गर्न सक्नेछ । त्यसैले प्रत्येक बिक्रेताले वस्तु तथा सेवा बिक्री गर्दा अनिवार्य रुप्मा विजक जारी गर्नुहुन र वस्तु तथा सेवा खरीद गर्दा क्रेताले आफूले तिरेको मूल्यको अनिवार्य रुपमा विजक लिन हुन अनुरोध छ ।

# महानिर्देशक श्री चुडामणि शर्माद्वारा कार्यालयहरुलाई निर्देशन

**कार्यालयहरुसँग गरिएको कार्य सम्पादन सम्झौता तथा वार्षिक कार्यात्मक लक्ष्य प्राप्तिका लागि प्राथमिकताका साथ कार्यान्वयन गर्नुपर्ने विषयहरुलाई उल्लेख गरी आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले कार्यालयहरुलाई दिनु भएको निर्देशनको सार संक्षेप :**

### कर संकलन तर्फ

१. चालु आ.व. २०७२/०७३ को पौष मसान्तसम्म राजस्व लक्ष्यको तुलनामा असुली ज्यादै कमी देखिएको छ। राजस्व कमी भएको कारण सहित शीर्षकगत एवं क्षेत्रगत विश्लेषण गरी अर्थ मन्त्रालयबाट स्वीकृत भएको राजस्व परिपूरणको वैकल्पिक कार्ययोजना (Revenue Back Up Plan) अनुसार राजस्व संकलन गरी कमी भएको राजस्व परिपूर्ति गर्ने।

२. वक्यौता असुली सम्बन्धमा करदाताको प्रकृति, वक्यौता रकम र समयावधिको आधारमा वर्गीकरण गरी नयां वक्यौता राख्ने करदातालाई केन्द्रित गरी संकलन भ्रमण गर्ने र समग्र वक्यौता असुली कार्यलाई तिब्रता दिई न्यून भएको राजस्व परिपूर्तिको मुख्य आधार बनाउने।

३. कर फछ्र्यौट आयोगसंग सम्झौता भएका करदाताहरुको राजस्व अभिलेख व्यवस्थापन चुस्त एवं दुरुस्त बनाउने, तोकिएको समयभित्र राजस्व दाखिला गर्न लगाउने, त्यस्ता करदाताहरुको प्रविष्टि भई सकेको अभिलेख कर फछ्यौंट आयोगसंग भएको संझौता अनुरुप व्यवस्थित गर्ने अर्थात संशोधन गरी संझौता अनुरुप अद्यावधिक गर्ने विषयमा कार्यालय प्रमुख स्वयंले ध्यान दिने।

### करदाता सेवा तर्फ

१. आफ्नो कार्यक्षेत्र अन्तर्गत करको दायराबाट बाहिर रही कारोबार गरिरहेका व्यक्ति तथा व्यवसायीहरुलाई प्रभावकारी तथा नियमित बजार अनुगमनको माध्यमबाट करको दायरामा ल्याउने र सोको प्रगति विवरण साप्ताहिक रुपमा विभागमा पठाउने।

२. आयकर तथा मू.अ.कर तर्फको विवरण नबुझाउने करदाताहरुको संख्या बढ्दै गएको हुंदा विवरण नबुझाउने करदाताहरुको पहिचान र सम्पर्क गरी Non-Filer को संख्या घटाउन जोड दिने।

३. मूल्य अभिबृद्धि करमा दर्ता भई विवरण नबुझाउने (Non-Filer) करदातालाई विवरण बुझाउन ताकेता गर्ने साथै



शुन्य विवरण बुझाउने करदाताहरुको कार्यक्षेत्रमा गई कारोबार गरे नगरेको सम्बन्धमा समेत अनुगमन गर्ने।

४. करदाता दर्ता गर्दा पहिले स्थायी लेखा नम्बर लिए नलिएको (PAN/PIT) सम्बन्धमा करदातालाई नै घोषणा गर्न लगाउने साथै अन्य दर्ता सम्बन्धी विवरण प्रविष्टि (DataEntry) गर्दा प्रारम्भिक अवस्थामा नै राम्रोसंग Verify गरी पुनः विवरण संशोधन गर्नु नपर्ने गरी विवरण प्रविष्टि (Data Entry) गर्ने व्यवस्था मिलाउने।

५. करदाता शिक्षा कार्यक्रम संचालन गर्दा कुनै पनि क्षेत्र नछुट्ने गरी संचालन गर्ने गराउने।

### अनुसन्धान तर्फ

१. यस विभागको Internal Monitoring System मा भएको ब्ामष्त च्भउयचत अध्ययन गर्दा कर परीक्षण व्यवस्थापन शाखाबाट मिति २०७०/४/७, २०७०/४/१४ (ट्रेकिङ), २०७१/२/११ (हाउजिङ), मिसम्याचको आधार मिति २०७१/३/१ मा अनुसन्धानात्मक कर परीक्षणको लागि छनौट गरी पठाइएका करदाताहरुमध्ये अधिकांश कार्यालयहरुमा अधिक मात्रामा अनुसन्धानात्मक कर परीक्षण गर्न बांकी रहेको देखिएको छ। अतः अनुसन्धान तर्फको कार्यगत लक्ष्य पूरा गर्दै अनुसन्धानात्मक कर परीक्षण गर्न बांकी करदाताहरुको समेत अनुसन्धान कार्य सम्पन्न गर्ने।

२. अनुसन्धानात्मक कर परीक्षण गर्न बांकी भएको करदाताहरुको हकमा म्याद नजाने गरी विशेष प्राथमिकता दिई यस आ.व. २०७२/०७३ भित्र सम्पन्न गर्ने गरी कार्ययोजना बनाई कर परीक्षण कार्य सम्पन्न गर्ने।

३. मिसम्याचको आधारमा मिति २०७१/३/१८ र मिति २०७१/३/२७ (डे १ आय विवरण र डे३ आय विवरण) मा Rapid Verification का लागि पठाइएको करदाताहरुमध्ये अनुसन्धान गर्नुपर्ने हकमा समयमै अनुसन्धान कार्य सम्पन्न गर्ने।

४. Internal Monitoring System मा भएका तथ्यांकमा फरक परेको हकमा भिडान गरी अभिलेख अद्यावधिक गर्ने।

५. विभागमा प्राप्त उजुरी तथा निवेदनको छानविन गर्न सम्बन्धित कार्यालयहरुमा पठाइएको सम्बन्धमा सोको अलग्गै अभिलेख राखी विशेष प्राथमिकता दिई समयमै छानविन तथा अनुसन्धान सम्पन्न गर्नु हुन साथै तोकिएको समयमा सोको प्रगति विवरण विभागमा उपलब्ध गराउने।

६. मालपोत कार्यालयहरु भएको सम्बन्धित कार्यालयहरुले आफ्नो क्षेत्रमा भएको मालपोत कार्यालयबाट पूजीगत लाभ करको विवरणको लगत लिई सोको अभिलेख अद्यावधिक राख्न तथा कर गणना सम्बन्धमा अनुगमन गर्न विभागको च.नं. १७६ मिति २०७२/९/१७ को पत्रबाट निर्देशन भई सकेको हुंदा सो कार्यको प्रगति विवरण नियमित रुपमा पठाउने।

७. शैक्षिक परामर्श लगायत ग्रिल तथा फर्नीचर व्यवसायीहरुको अनुगमन गर्न विभागको च.नं. १७२ मिति २०७२/९/१२ पत्रबाट निर्देशन भई गएकै छ। यी क्षेत्रलाई विशेष प्राथमिकता दिई अनुगमन गरी सोको प्रगति विवरण नियमित रुपमा पठाउने।

### कर परीक्षण तर्फ

१. कर परीक्षण तर्फ म्याद जाने विवरणहरुलाई प्राथमिकतामा राखी निर्दिष्ट म्याद भित्रै

कर परीक्षण कार्य सम्पन्न गर्ने, कर परीक्षणका लागि छनौट भएका तर कर परीक्षण सम्पन्न भई नसकेका अन्य करदाताहरुको कर परीक्षणलाई गुणस्तरीय बनाउने तर्फ कर परीक्षणका क्रममा देखिएका नंया विषयलाई सबै अधिकृतका वीचमा नियमित रुपमा छलफल चलाउने साथै निर्धारित समयावधि भित्र सम्पन्न गर्न कार्य योजना बनाई जिम्मेवारी तोकी कार्य सम्पादन गर्ने ।

२. कार्यालयको अनुगमनका क्रममा कतिपय कार्यालयहरुमा कर परीक्षणको सूचना नवुझाएको, कर निर्धारण आदेश नवुझाएको अवस्थामा समेत कर परीक्षण सम्पन्न भएको अवस्था देखिएको हुँदा सो तर्फ सचेत हुनुपर्ने ।

३. केही समयदेखि आपूर्तिमा देखिएको समस्याका कारण वजारमा व्यवसायीहरुसंग भएको मौज्दात कम हुदै गएको अवस्था छ। यसको प्रत्यक्ष प्रभाव विक्री वढी त्यसको रिफ्लेक्सन मू.अ.कर विवरणमा समेत पर्नु पर्ने हो, सो समेतलाई विश्लेषण गरी चालु वर्षको कर परीक्षण कार्यलाई द्रुत गतिमा अगाडी वढाउने । विगतमा औंल्याइएका क्षककगभक मा सुधार भए नभएको र कर सहभागिताको स्तर बृद्धि भए नभएको बारे प्रतिवेदनमा उल्लेख गर्ने।

४. हाल विभागमा प्राप्त तथ्यांक बमोजिम गत विगत वर्षदेखि दर्ता खारेजीका लागि एघार हजार भन्दा वढी करदाताको निवेदन परेको अवस्था छ । कार्यालयवाट यस्ता निवेदन माथि हुने कारवाही अत्यन्त न्यून रहेको देखिन्छ । यस्ता निवेदनलाई प्राथमिकतामा राखी कार्य सम्पन्न गर्न विभिन्न मितिमा पत्राचार गरिएको भए तापनि प्रगति न्यून देखिएको हुंदा यस तर्फ कार्यालय प्रमुखले विशेष पहल गरी कार्य सम्पादन गर्ने गराउने ।

५. बजार अनुगमन तर्फ स्वास्थ्य सेवा कर र शिक्षा सेवा शुल्क समेतका सूचकहरु समावेश गरिएका छन् । यी दुवै शीर्षकलाई राजस्व जोखिम भएको क्षेत्रको रुपमा हेरिएको छ। तसर्थ यस तर्फ विशेष ध्यान पुऱ्याई बजार अनुगमन गर्ने कार्यलाई साच्चिकै करदाताको कर सहभागिता व्यवहारमा परिवर्तन गर्न उन्मुख हने किसिमको प्रभावकारी बजार अनुगमन गर्ने ।

६. ठूला करदाता कार्यालय लगायत सबै कार्यालयहरुले अन्तःशुल्कजन्य वस्तु तथा सेवाको कारोवार गर्ने करदाताको कर परीक्षण तथा अनुसन्धान गर्दा अन्तःशुल्क सम्बन्धी तथ्यांक प्राथमिक तथ्यांकको रुपमा रहने हुंदा अन्तःशुल्क ऐन नियम एवं मदिरा ऐन नियम बमोजिम राख्नुपर्ने अभिलेखहरु समेत भिडान गरी कर परीक्षण एवं अनुसन्धान कार्य सम्पन्न गर्नु पर्ने ।

७. कर परीक्षण तथा अनुसन्धानका सिलसिलामा कार्यालयमा नै बसेर गर्ने सामान्य डेस्क अडिट वाहेक अन्य कागजातहरु (खरिद विक्री विजक, खरिद विक्री खाता, लेजर, भौचर लगायतका आम्दानी तथा खर्चलाई पुष्ट्याई गर्ने) परीक्षणका लागि करदाताको कारोवार स्थल परिसरमा गई कर परीक्षण तथा अनुसन्धान गर्ने कार्य संस्कृतिलाई निरन्तरता दिने ।

## बेरुजु तर्फ

१. हाल सम्मको बेरुजु फछ्र्योट कार्यको प्रगति संतोषजनक नपाइएको र कतिपय कार्यालयहरुको बेरुजु प्रगति शून्य भएको र कतिपय कार्यालयहरुको लक्ष्य अनुसार प्रगति नभएकोले प्रत्येक कार्यालयले बेरुजु फछर्यौटको तोकिएको लक्ष्य हासिल गर्ने गरी कार्य कार्य योजना बनाई काम गर्ने ।

## अन्य

१. कार्यगत कार्य प्रणालीलाई पूर्ण रुपमा पालना गर्दै कार्यगत लक्ष्य प्राप्ति हुने गरी कार्य सम्पादन गर्ने ।

२. करदाताको गुनासो नआउने गरी सेवा प्रवाह गर्ने। कार्यप्रणालीमा सरलता ल्याउने र कार्य संस्कृतिमा सुधार ल्याउने ।

३. कार्यालयका कर्मचारीहरुले आफूलाई पूर्ण अनुशासनमा राख्ने। सदाचारिताको पालना गर्ने गराउने तर्फ कार्यालय प्रमुखले विशेष ध्यान दिने ।

४. विदा अधिकारको कुरा होइन । किरिया विदा, प्रसुति विदा, प्रसुति स्याहार विदा र विरामी विदा बाहेक कुनै पनि कर्मचारीलाई विदामा नछाड्ने ।

५. वार्षिक रुपमा तोकिएको राजस्व तथा कार्यगत लक्ष्य प्राप्त गर्न कर्मचारीहरुलाई कार्यालय समय वाहेक अतिरिक्त समय पनि कार्य गर्ने गराउने व्यवस्था मिलाउने ।

६. कार्यालयमा रहेको जिन्सी अभिलेख अद्यावधिक राखी पूराना सामानहरु लिलाम विक्री गर्नु पर्ने अवस्था भए समय मै लिलाम विक्री गर्ने ।

१ पेजको बांकी

सीपहरुको आन्तरिकीकरण र अभिलेखीकरण गर्न समेत निर्देशन दिनुभयो ।

उहाँले आर्थिक ऐन २०७२ को दफा २२ अनुसार रु ५ करोड २२ लाखको पुराना बक्यौता मिन्हा दिइएको बताउनुहुँदै राम्रो काम भएको र अन्य बक्यौतालाई करदाताको प्रकृति, बक्यौता रकम र समयावधीको आधारमा वर्गीकरण गरी बक्यौता असुली कार्यलाई तिव्रता दिई न्यून भएको राजस्व परिपूर्तिको मुख्य आधार बनाउन र बेरुजुको तोकिएको लक्ष्य हासिल गर्ने गरी कार्य योजना बनाई काम गर्न निर्देशन दिनुभयो ।

उहाँले कर फछ्र्यौट आयोगसँग सम्झौता भएका करदाताहरुको राजस्व अभिलेख व्यवस्थापन चुस्त एवं दुरुस्त बनाउने, तोकिएको समयभित्र राजस्व दाखिला गर्न लगाउने, त्यस्ता करदाताहरुको प्रविष्ट भइसकेको अभिलेख संशोधन गर्ने विषयमा कार्यालय प्रमुख स्वयंले ध्यान दिनु पर्ने कुरा उल्लेख गर्नुभयो। उहाँले करदाताहरुको गुनासो नआउनेगरी सेवा प्रहाव गर्न, कार्य प्रणालीमा सरलता ल्याउने र कार्यसंस्कृतिमा सुधार ल्याउनु पर्ने कुरामा जोड दिनुभयो ।

श्री खनालले कार्यालय रहेको साविकको भवन भूकम्पले क्षति पुगेको कारण भाडाको घरमा कार्यालय संचालन भएको र उक्त सरकारी भवनलाई मर्मत सम्भार गरी समयमै कार्यालय सार्ने व्यवस्था मिलाउन तथा कार्यालय परिसर साँघुरो भएता पनि आन्तरिक संरचनाहरु व्यवस्थित भएको बताउनुभयो । उहाँले कार्यालयका कर्मचारीहरुले आफूलाई पूर्ण अनुशासनमा राख्ने, सदाचारिताको पालना गर्ने गराउने तर्फ कार्यालय प्रमुखले ध्यान दिन पनि निर्देशन दिनु भएको थियो ।

७. विनियोजित बजेट खर्च गर्दा मितव्ययिता समेतलाई ध्यानमा राखी खर्च व्यवस्थापन गर्ने गराउने ।

८. कार्यालयमा करदाताको फाइलिङ व्यवस्थापन चुस्त दुरुस्त गर्ने गराउने ।

अन्त्यमा करदाता सेवा, कर संकलन, कर परीक्षण एवं अनुसन्धान कार्य प्रभावकारी बनाउन स्थलगत रुपमा अनुगमन गर्ने, संकलन भ्रमण गर्ने र कारोवार स्थलमा गई कर परीक्षण तथा अनुसन्धान गर्ने कार्य संस्कृतिलाई निरन्तरता दिई कर सहभागिता बढाउनु हुन समेत जानकारी गराइन्छ ।


# आन्तरिक राजस्व कार्यालय, कृष्णनगर



**परिचय:**
आन्तरिक राजस्व कार्यालय कृष्णनगरको स्थापना वि.सं. २०५८ सालमा भएको हो । नेपाल सरकारले तत्कालिन अन्तःशुल्क विभाग, कर विभाग तथा मूल्य अभिवृद्धि कर विभाग समेतको एकीकरण गरी आन्तरिक राजस्व विभागको स्थापना गरे संगै यस कार्यालयको स्थापना भएको हो । यस कार्यालयले हाल १६४८३ करदाताहरुलाई प्रत्यक्ष तथा परोक्ष रुपमा सेवा पुऱ्याई रहेको छ ।

**कार्यालयको अवस्थिति तथा कार्यक्षेत्र:**
कपिलवस्तु जिल्लाको कृष्णनगर नगरपालिका स्थित यस कार्यालय भारतीय सीमा नजिकै रहेको छ। दुरीका हिसावले सीमाबाट करिव २०० मीटर उत्तरतर्फ अवस्थित यस कार्यालय १ विगाहा १७ कट्ठा क्षेत्रफलको आफ्नै जग्गामा रहेको छ। कार्यालयको एउटा मुख्य प्रशासनिक र कर्मचारी आवासको लागि प्रयोग भएका अन्य तीनवटा भवनहरु रहेका छन्। मुख्य प्रशासनिक भवन थप निर्माणाधिन अवस्थामा रहेको छ । कर्मचारी आवासका लागि प्रयोग भएका तीनवटा भवनहरु अत्यन्त पूराना छन् । ती पुराना भवनहरु विगत २०७२ साल वैशाख १२ गतेको महाभुकम्पले थप चर्किन गई मानवीय सुरक्षाका हिसावले वस्न त्यति उपर्युक्त छैन । तर वजारक्षेत्रमा वस्न लायक आवासिय घरहरु वहालमा सहजै उपलव्ध हुन सक्ने अवस्था नभएको हुंदा जिल्ला वाहिरवाट सरुवा भई आएका कर्मचारीहरु वाध्य भएर ती जीर्ण भवनहरुमा वसिरहेको अवस्था छ ।
कार्यालयको कार्यक्षेत्र अन्तर्गत लुम्बिनी अन्चलको अर्घाखांची जिल्ला र कपिलवस्तु जिल्ला पर्दछन्। यस कार्यालय अन्तर्गत कुनै पनि सेवा केन्द्र रहेको छैन जसले गर्दा दुवै जिल्लाका सवै करदाताहरु सेवा लिनको लागि यसै कार्यालयमा आउनुपर्ने अवस्था छ ।

**संगठन संरचना तथा कार्यप्रवाह तालिका:**
यस कार्यालयको संगठन संरचना र कार्यप्रवाह तालिका निम्न वमोजिम रहेको छ ।




**वार्षिक वजेट:**
यस कार्यालयको चालु आ.व. २०७२/०७३ का लागि स्वीकृत वजेट चालुखर्च तर्फ रु. १३८९८०००.०० र पूँजीगत खर्चतर्फ रु. ७१०००००.०० रहेको छ । जसवाट कार्यालयको दैनिक कार्य संचालनको साथै मुख्य प्रशासनिक भवनको निर्माण कार्य समेत संचालन भैरहेको छ ।

**दरवन्दी तथा पदपूर्ती:**
यस कार्यालयको दरवन्दी र पदपूर्तीको अवस्था देहाय वमोजिम रहेको छ ।

| सि.नं. | पद | स्वीकृत दरवन्दी संख्या | पदपूर्ती संख्या |
|---|---|---|---|
| १ | प्रमुख कर अधिकृत | १ | १ |
| २ | कर अधिकृत | ४ | ४ |
| ३ | कम्प्युटर अधिकृत | १ | १ |
| ४ | नायव सुव्वा | ८ | ४ |
| ५ | लेखापाल | १ | १ |
| ६ | डा.इ.सु | | |
| ७ | कार्यालय सहयोगी | २ | |
| ८ | हल्का सवारी चालक | १ | |
| ९ | स्वीपर | | |
| १० | माली | | |

**चालु आ.व. २०७२/०७३ को लक्ष्य तथा प्रगती:**
यस कार्यालको चालु आर्थिक वर्ष २०७२/०७३ को राजस्व असुलीको वार्षिक लक्ष्य जम्मा रु. १ अर्व चार करोड पचपन्न लाख एकासी हजार रहेको छ। सो मध्ये २०७२ साल पौष मसान्तसम्मको राजस्व संकलनको लक्ष्य तथा प्रगती देहाय वमोजिम रहेको छ ।

(रकम रु. हजारमा)

| सि.नं. | शीर्षक | २०७२ पौषसम्मको जम्मा लक्ष्य | २०७२ पौषसम्मको जम्मा असुली | प्रगती प्रतिशत |
|---|---|---|---|---|
| १ | आयकर | १२२४०७ | ६१८७८ | ५०।५५ |
| २ | घरवहाल कर | ५०७६ | ३३५९ | ६६।१७ |
| ३ | व्याजकर | ३१०८ | २०६० | ६६।२९ |
| ४ | मूल्यअभिवृद्धि कर | १२५२७६ | ७८७५७ | ६२।८७ |
| ५ | अन्तःशुल्क | २७७२६१ | १४३०५१ | ५१।५९ |
| ६ | स्वास्थ्यसेवा कर | १८६ | ८४ | ४५।३० |
| ७ | शिक्षासेवा कर | ५९१ | १६८४ | २८४।९४ |
| | जम्मा | ५३३९०५ | २९०८७५ | ५४।४८ |

**विगत तीन आ. व. को राजस्व संकलनको अवस्था:**
यस कार्यालयको विगत तीन आर्थिक वर्षको राजस्व संकलनको वार्षिक लक्ष्य तथा प्रगतीको अवस्था देहाय वमोजिम छ ।


अवैध मदिराको कारोवार तथा उपभोग कहिल्यै नगरौं ।

(रकम रु. हजारमा)

| शीर्षक | आ.व. २०६९/०७० | | | आ.व. २०७०/०७१ | | | आ.व. २०७१/०७२ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | लक्ष्य | प्रगती | प्रगती प्रतिशत | लक्ष्य | प्रगती | प्रगती प्रतिशत | लक्ष्य | प्रगती | प्रगती प्रतिशत |
| आयकर | ११९७०४ | १४५३५९ | १२१।४३ | १२२१५८ | १५९०१३ | १३०।१७ | २०८५३९ | १९२२९१ | ९२।२१ |
| घरवहाल कर | ५३६९ | ७९५३ | १४८।१३ | ९८७४ | ६९२८ | ७०।१६ | १४५८४ | ८४१२ | ५७।६८ |
| व्याजकर | ४२२४ | ४३०९ | १०२।०१ | ५१३१ | ३२५३ | ६३।३९ | २७४२ | ४२३२ | १५४।३४ |
| मूल्यअभिवृद्धि कर | ११९००७ | १२५६६३ | १०५।५९ | १५२०२४ | १६०९२७ | १०५।८६ | १७४१०३ | २०५०८९ | ११७।८ |
| अन्त:शुल्क | १६८६१३ | १९२०४५ | ११३।९ | ३०२३६४ | ४१०५२८ | १३५।७७ | ४३४०२५ | ४५४९३१ | १०४।८२ |
| स्वास्थ्यसेवा कर | | ३३८ | ० | १८० | १७९ | ९९।४९ | ५३३ | ३०१ | ५६।४२ |
| शिक्षासेवा कर | ३१६ | ३१९ | १००।९९ | ४४३ | ४१० | ९२।६१ | ४८८ | ५५३ | ११३।२५ |
| जम्मा | ४१७२३३ | ४७५९८६ | ११४।०८ | ५९२१७४ | ७४१२३९ | १२५।१७ | ८३५०१४ | ८६५८०८ | १०३।६९ |

## अन्य कार्यगत लक्ष्य तथा प्रगतीको सम्वन्धमा:

विगत २०७२ साल श्रावण देखि लामो समयसम्म भएको तराई मधेश वन्दको कारण राजस्वको असुलीमा नकारात्मक असर पर्न गएको र सोको असर पछिसम्म रहने देखिन्छ। तराइ मधेशको आन्दोलनले तालावन्दी भएको कारण कार्यालयले कतिपय आफ्नो आन्तरिक कार्यहरु समेत गर्न सकेन। विगतमा स्वीकृत दरवन्दीतर्फ एक जना कम्प्युटर अधिकृत र फाजिल दरवन्दीमा एकजना डा.इ.सु. समेत कार्यरत रहेको कार्यालयको सूचना प्रविधि शाखा २०७२ साल असोज देखि पूर्ण रुपमा रिक्त छ भन्दा हुने अवस्था छ। सामान्य कम्प्युटरको जानकारी भएका करारका कर्मचारीका भरमा सूचना प्रविधि शाखा संचालन भएको छ। यसबाट करदाताहरुको कम्प्युटर अभिलेख व्यवस्थापनमा साह्रै अप्ठेरो परेको छ। कार्यालयको वर्तमान जनशक्तिले कार्यालयको दैनिक कार्य संचालन गर्न भ्याई नभ्याई भएको अवस्थामा तीनवटा मदिरा उद्योगहरुमा उद्योगबाट कर्मचारी माग भएका वखत खटाउन समेत सकिएको छैन। कार्यालयमा रहेको सवारी साधन निकै पूरानो र विग्रिरहने अवस्थामा भएको र इन्धनको समेत संकट भएका कारण अनुगमन कार्य सहज छैन। यस परिस्थितिमा कार्यालयको चालु आ.व. २०७२/०७३ को राजस्व असुली देखि अन्य कार्यगत लक्ष्य प्रगतीमा सन्तोषजनक प्रगती हासिल गर्नु निकै चुनौतीपूर्ण र असम्भवप्राय: नै देखिएको छ। तथापी सीमित श्रोत र साधनको अधिकतम परिचालन गरी तोकिएको लक्ष्य प्राप्तिका लागि कार्यालय सदैव प्रयत्नशील रहेको छ।

## अभिलेख व्यवस्थापन:

कार्यालयमा दशकौं पूराना करदाताहरुका अभिलेखहरु पनि छन् जुन कम्प्युटर पद्धतिमा छैनन्। त्यस्ता करदाताहरुको अभिलेखका साथै पछिल्ला समयमा दर्ता भएका नयां करदाताहरुले दर्ता भए देखि समय समयमा पेश गरेका विभिन्न विवरण तथा कागजातहरु तथा कर निर्धारण सम्वन्धी कागजातहरु समेत पूर्ण रुपमा कम्प्युटर पद्धतिमा आवद्ध भइनसकेको वर्तमान अवस्थामा खोजेका वखत सजिलै फेला पार्न सकिने गरी करदाताहरुको अभिलेख राख्नु अत्यन्त आवश्यक छ। यसका लागि प्रत्येक करदातावाइजको फाइलहरु खडा गरी फाइल शाखामा सुरक्षित राखिएको छ। चालु फाइल र पूराना फाइलहरुलाई अलग गरी खोजेका वखत भेटिने गरी सकेसम्म व्यवस्थापन गर्ने गरिएको छ। उपर्युक्त फाइल कोठाको अभावमा अलि व्यवस्थित हुन नसकेको अभिलेख व्यवस्थापन निर्माणाधिन भवनको निर्माण कार्य सम्पन्न भएपछि थप व्यवस्थित हुने अपेक्षा गरिएको छ। विगत आ.व. देखि करदाताहरुबाट लिइने आय विवरण, मू.अ.कर विवरण, अनुमानित करको विवरण लगायतका विवरणहरु पूर्णरुपमा कम्प्युटर पद्धतीमा आवद्ध गरिएकोले अभिलेख व्यवस्थापन हिजोको तुलनामा अलि सहज भएको छ। समय सापेक्ष अझ सुधार हुदै जाने निश्चित छ।

## चालु आ.व.मा सम्पन्न भएका मुख्य मुख्य कार्यहरु:

यस कार्यालय अन्तर्गत कुनै पनि सेवा केन्द्र नरहेकोले दुर्गम स्थानका ससाना करदाताहरुको सुविधा र हितलाई ध्यानमा राखी दुवै जिल्लाका विभिन्न स्थानहरुमा गई घुम्ति सेवा प्रदान गरिएको छ। यस कार्यालय अन्तर्गतका अधिकांश सानोतिनो कारोवार गर्ने व्यवसायीहरु भएको र साना व्यवसायीहरुलाई कर सम्वन्धि कानूनहरुको जानकारी अलि कम नै हुने हुंदा कार्यालयले दुवै जिल्लाका उपर्युक्त स्थानहरुमा विभिन्न क्षेत्रका व्यवसायीहरु भेला गराई करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रमहरु संचालन गर्ने गरिएको छ। यस्ता कार्यक्रमहरुमा जिल्ला स्थित उद्योग वाणिज्य संघ, वस्तुगत संघ र तिनमा अवद्ध सवै पदाधिकारी तथा व्यवसायीहरुको सकारात्मक चासो र सक्रिय सहभागिता रहने गरेको छ। यस आ.व.मा कार्यालयले सम्पादन गरेका मुख्य मुख्य कार्यहरु निम्न छन:

- वेरुजु फछ्र्यौटतर्फ तोकिएको वार्षिक लक्ष्यको तुलनामा ७० प्रतिशत भन्दा वढी प्रगती भएको।
- कपिलवस्तु र अर्घाखांची जिल्लामा पटक पटक गरी १० वटा करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम संचालन गरिएको।
- उद्योग वाणिज्य संघ अर्घाखांची संगको सहकार्यमा अर्घाखाची जिल्लामा घुम्ती शिविर संचालन गरी आय विवरण वुझ्ने तथा स्थायी लेखा नम्वर वितरण गरिएको।
- उद्योग वाणिज्य संघ चन्द्रौटा, चार नम्वर र तौलिहवासंगको सहकार्यमा आय विवरण तथा आयकर वुझ्ने कार्य गरिएको।
- घुम्ती शिविरमा लिइएका सवै आय विवरण तथा दिइएका सवै स्थायी लेखा नम्वरहरुलाई कम्प्युटर प्रविष्टि गरिएको।
- चालु आ.व. २०७२/०७३ को पौषमसान्तसम्ममा ७०१ जनालाई स्थायी लेखा नम्वर, ३६५ जनालाई व्यक्तिगत स्थायी लेखा नम्वर प्रदान गरिएको र ९८ जनालाई मू.अ.कर दर्ता गरिएको।

## समस्याहरु:

- विद्यमान तराइ मधेशको समस्याले अनुगमन गर्न सकिने अवस्था नभएको।
- दरवन्दी अनुसारको कर्मचारीहरुको अभाव भएकोले कार्यालयले दैनिक कार्य संचालन गर्न कठिनाइ परेको।
- कर्मचारी तथा चालु अवस्थाको सवारी साधनको अभाव र इन्धन संकटले अनुगमन गर्न सकिने ठाउंहरुको पनि अनुगमन गर्न नसकिएको। जसवाट करको दायरामा नआएका करदाताहरुलाई दायरामा ल्याउन र ननफाइलर घटाउन नसकिएको।
- विभिन्न कारण र कतिपय करदाताहरु

बांकी १२ पेजमा

१ पेजको बांकी... २७ हजार र रु. ४१ करोड ५८ लाख ८९ हजार संकलन भएको छ । शिक्षा सेवा शुल्क तर्फ लक्ष्यको तुलनामा ८२ प्रतिशत र स्वास्थ्यसेवा कर तर्फ लक्ष्यको तुलनामा ८० प्रतिशत संकलन भएको छ । गत वर्षको तुलनामा आयकर वृद्धिदर १०७ प्रतिशत, मूल्य अभिवृद्धि कर वृद्धिदर १२० प्रतिशत, अन्तशुल्कको वृद्धिदर १०४ प्रतिशत, स्वास्थ्य सेवा कर वृद्धिदर ११४ प्रतिशत र शिक्षा सेवा शुल्क वृद्धिदर ११२ प्रतिशत रहेको छ । जुन गत वर्षको तुलनामा ११० प्रतिशत राजस्व संकलन भएको छ ।

## अर्धवार्षिक समिक्षा वैठक सम्पन्न

चालु वर्षको पौष मसान्तसम्म भएको राजस्व संकलन तथा कार्यात्मक प्रगतिको वारेमा समिक्षा भयो । उक्त कार्यक्रममा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री चुडामणि शर्माले विभाग मातहतमा कार्यरत कर्मचारीहरुलाई पहिलो लक्ष्य नै राजस्व संकलन भएको बताउनुहुँदै योजनाबद्ध ढंगले सक्रियता बढाउन निर्देशन दिनुभयो । भूकम्प र सीमानामा देखिएको असहज परिस्थितिका वावजुद पनि राजस्व संकलन सन्तोषजनक नै रहेको बताउनुहुँदै लक्ष्य पूरा गर्नका लागि गम्भीर भएर किस्तावन्दी विवरणहरुको विश्लेषण गर्न निर्देशन दिनुभयो । करदाताको विगत र वर्तमानको विश्लेषण गरेर वर्गीकरण गरी एक तिहाई मात्र करदाताको अनुसन्धान गर्न सके पनि राजस्व संकलनमा सहयोग पुग्ने बताउनुभयो । कर फछ्र्यौट आयोगबाट सहमति भएर पनि फरफारक नगर्नेलाई कानुनी दायरामा ल्याइ, खाता रोक्का, जग्गा रोक्का, गरेर भएपनि वक्यौता असुलीका लागि क्रमागत ढंगले अघि बढ्न निर्देशन समेत दिनुभयो । दर्ता प्रकृयामा गम्भीर भई करदाताको सम्पूर्ण विवरण लिएर मात्र दर्ता गर्न तथा निरनतर बजार अनुगमन र दायरा विस्तारलाई प्राथमिकतामा राख्न पनि निर्देशन दिनुभयो ।

उपमहानिर्देशक श्री राममणि दुवाडीले साउनदेखि पुससम्मको राजस्व संकलनको स्थिति सन्तोषजनक रहेको बताउनुहुँदै कर प्रशासनको भूमिका प्रभावकारही हुनुपर्ने बताउनुभयो । भूकम्प, कर्मचारी सरुवा, सीमानामा देखिएको असहज परिस्थिति विस्तारै साम्य हुँदै गएको प्रसंग उल्लेख गर्नुहुँदै कर्मचारीलाई बढी भन्दा बढी परिचालन गरेर, कार्य योजना बनाएर, कार्य सम्पादन सम्झौतामा हस्ताक्षर गर्नु भएको कामको



अर्धवार्षिक कार्यक्रममा महानिर्देशक श्री चुडामणि शर्मा लगायत अन्य कर्मचारीहरु

जिम्मेवारी पूरा गर्न निर्देशन दिनुभयो । अन्तःशुल्क घटेको बताउँनुहुँदै कहाँ कमजोरी छ पत्ता लगाउन निर्देशन गर्नुभयो । आफ्नो पौरख, प्रतिभा नदेखाई लक्ष्य संशोधन गर्नेतिर नलाग्न पनि निर्देशन दिनुभयो । समय अझै बाँकी रहेको उल्लेख गर्नुहुँदै लक्ष्य पूरा गर्नेतिर लाग्न कर्मचारीहरुलाई निर्देशन दिनुभयो ।

उपमहानिर्देशक श्री विष्णुप्रसाद नेपालले सीमानामा देखिएको असहज परिस्थिति र भूकम्पले आर्थिक गतिविधिमा आएको सुस्तताका वावजुद पनि राजस्व संकलन सन्तोषजनक देखिएकोले उत्साह थपेको बताउनुभयो । उहाँले नयाँ पुराना कर्मचारी मिलाएर कार्य सम्पादन गर्न निर्देशन दिनुहुँदै करदाता सेवा, करदाता शिक्षा जस्ता कार्यक्रमलाई प्रभावकारी बनाउन करदाताको स्वभाव अनुसार अघि बढ्न निर्देशन दिनुभयो ।

उपमहानिर्देशक श्री लक्ष्मीप्रसाद यादवले हामीले कोशिष गर्‍यौं भने काम गर्न सक्छौं भन्ने देखिएको बताउनुहुँदै व्यवस्थापन गोष्ठीमा वाचा गरेका प्रतिवद्धताहरु पूरा गर्न उचित ध्यान दिन आग्रह गर्नुहुँदै राजस्वको लक्ष्य पूरा गर्ने तर्फ लाग्न निर्देशन दिनुभयो ।

कार्यक्रममा आन्तरिक राजस्व विभागका निर्देशकहरु, काठमाडौं उपत्यकाभित्रका आन्तरिक राजस्व कार्यालय काठमाडौं क्षेत्र नं. १, २ र ३ का प्रमुख कर प्रशासकहरु, करदाता सेवा कार्यालयका प्रमुख कर अधिकृतहरुको उपस्थिति रहेको थियो ।

## भुक्तानीमा कर कट्टी गरिएको करको विवरण र कर दाखिला गर्ने सम्बन्धी आन्तरिक राजस्व विभागको सूचना

आयकर ऐन, २०५८ ले रोजगार दाताले रकम भुक्तानी गर्दा, लगानी प्रतिफल र सेवा शुल्कको भूक्तानी गर्दा, आकस्मिक लाभको भूक्तानी गर्दा र ठेक्का वा करारको भूक्तानी गर्दा भूक्तानीकर्ताले कर कट्टी (अग्रिम कर कट्टी) गर्नुपर्ने रकम अग्रिम कर कट्टी गरी प्रत्येक महिना समाप्त भएको २५ दिन भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयहरू तथा करदाता सेवा कार्यालयहरूमा विवरण र कट्टी गरिएको रकम दाखिला गर्नुपर्ने व्यवस्था रहेको विदितै छ । साथै भूक्तानीकर्ताले कागजात नराखेमा वा विवरण दाखिला नगरेमा, झुठा वा भ्रमपूर्ण विवरण दाखिला गरेमा तथा ऐन, नियमका व्यवस्थाको पालना नगरेमा शुल्क लाग्ने र तोकिएको मिति सम्म कर दाखिला नगरेमा व्याज लाग्ने कानूनी व्यवस्था रहेको छ । तसर्थ, उपरोक्त कानूनी व्यवस्था बमोजिम भूक्तानी गर्दा कर कट्टी गर्ने जिम्मेवारी भएका व्यक्तिहरूले कानूनमा तोकिएको समयमा अनिवार्य रुपमा कर कट्टी गर्नुहुन र कर कट्टी गरिएको विवरण तथा कर कट्टी रकम दाखिला गरी हिसाब फरफारक गर्नुहुन यो सूचना गरिएको छ ।

# आन्तरिक राजस्व कार्यालय, वीरगंज




## बार्षिक बजेट तथा कार्यक्रम

आ.व. २०७२/०७३ मा यस कार्यालयको लागि चालू खर्च तर्फ बार्षिक बजेट रु २,४५,६१,५३० विनियोजन भएकोमा माघ मसान्त सम्म १,९६,४६,३७३ खर्च भएको छ। त्यसैगरी पूंजिगत तर्फ २,१६,९८,००० विनियोजन भएकोमा सोही अवधिसम्म १,७४,७२,५४४ खर्च भएको छ। यस कार्यालयको भौतिक पूर्वाधार र विस्तार गरी बढ्दो करदाताको संख्यालाई सहज सेवा प्रवाह गर्न सांढे ३ तलाको भवन निर्माणको क्रममा रहेको छ।

## अभिलेख ब्यवस्था

यस कार्यालयमा दर्ता भएका करदाताहरुको फाईल व्यवस्थित रुपमा फाइल संख्यामा पुरानो पान नं. र नयां पान नं. छुट्टयाई राख्ने गरिएको छ। अभिलेख ब्यवस्थापनका लागि हाल पुरानो भएको फाईलको फाइल फेर्ने र फाइलको विवरण कम्प्युटरमा प्रविष्टि गर्ने कार्य भई रहेको छ। कार्यालयको स्थानअभावका कारण थोरै क्षेत्रमा फाईल राख्नुपर्ने बाध्यताका बावजुद फाईल खोजेको बखत उपलब्ध हुन सक्ने गरी ब्यवस्थित गरिएको छ।

## परिचय

वि.सं. २०५८ सालमा तत्कालिन मूल्य अभिवृद्धि कर कार्यालय र कर कार्यालयलाई गाभेर आन्तरिक राजस्व कार्यालय, वीरगंजको स्थापना भएको हो। नारायणी अञ्चलको पर्सा जिल्ला यस कार्यालयको कार्यक्षेत्र रहेको छ। करदाता मैत्री वातावरण निर्माणका माध्यमबाट करदाताहरुमा कर बुझाउन उत्प्रेरित गर्दै राजस्व संकलनमा बृद्धि गर्ने, सूचना प्रविधिको माध्यमवाट करदाताहरुको कर सहभागिता लागत न्यूनिकृत गर्दै सहज कर सहभागिताको अवस्था निर्माण गर्ने, विविध सूचना तथा तथ्यमा आधारित रहि गुणात्मक कर अनुसन्धान तथा परीक्षणमा जोड दिने लगायतका उद्देश्यहरु हासिल गर्न यो कार्यालय क्रियाशिल रहेको छ। यस कार्यालय अन्तर्गत कूल करदाता संख्या रहेको छ। विगतमा मुख्य दुई भवनबाट यस कार्यालयले सेवा प्रवाह गरेतापनि मधेश आन्दोलनका क्रममा गएको भाद्र महिनामा एउटा करदाता सेवा शाखाको भवनमा आगजनी भएका कारणले हाल एउटै भवनबाट सेवा प्रवाह भई रहेकोछ।

## दरवन्दी तथा पदपूर्तिको अवस्था

कार्यालयको दरवन्दी तथा पदपूर्तिको अवस्था देहायको तालिकामा प्रस्तुत गरिएको छ।


| क्र.सं. | पद | दरवन्दी | पदपूर्ति |
|---|---|---|---|
| १ | प्रमुख कर अधिकृत | १ | १ |
| २ | कर अधिकृत | ९ | ८ |
| ३ | लेखा अधिकृत | १ | १ |
| ४ | कम्प्यूटर अधिकृत | १ | |
| ५ | नायव सुव्वा | ८ | ३ |
| ६ | खरिदार | फाजिल | १ |
| ७ | कार्यालय सहयोगी | फाजिल | ३ |

## कार्यालयको कार्य प्रवाह तालिका

कार्यालयको कार्य प्रवाह तालिका देहाय अनुसार रहेको छ।

## कार्यालयको लक्ष्य र प्रगति


कार्यालयको चालु आ.व. को लागि २०७२ पौष महिनासम्मको राजस्व असुली र लक्ष्यको विवरण निम्नानुसार रहेको छ।



| समूह | २०७२ पौषको | | | २०७२ पौष सम्मको | | |
|---|---|---|---|---|---|---|
| | मासिक लक्ष्य | मासिक संकसल | प्रतिशत | जम्मा लक्ष्य | जम्मा संकलन | प्रगति प्रतिशत |
| आयकर | २४६४८३ | १०१५६२ | ४१.२० | ४०४६४३ | १६४३०४ | ४०.६० |
| वहालकर | ९०१२ | ३४८४ | ३८.६६ | २६७६२ | ८४४५ | ३१.५६ |
| व्याज कर | ३३६२ | ३२२३ | ९५.८६ | १३८४४ | ६०७० | ४३.८४ |
| मू.अ.कर | ५४७९३ | ७७७६१ | १४१.४५ | ३३३८०४ | २४७९१९ | ७४.२७ |
| अन्त:शुल्क | ५७०६९० | २९७५२६ | ५२.१३ | २१४६०३४ | ५८४८२१ | २७.२५ |
| स्वास्थय सेवा कर | २३८ | ८८० | ३६९.६२ | ९८०४ | ३७७८ | ३८.५३ |
| शिक्षा सेवा शुल्क | ११०० | ३१७ | २८.८३ | ७३२२ | १२२५ | १६.७३ |
| कुल जम्मा | ८८५८५८ | ४८४७५३ | ५४.७२ | २९४२२१३ | १०१६५६० | ३४.५५ |

कार्यालयको विगत तीन बर्षको लक्ष्य र प्रगतिलाई माथिको तालिकामा प्रस्तुत गरिएको छ ।

चालु आ.व. २०७२/७३ को ६ महिनासम्मको लक्ष्य रु २,३४,२२,१३,००० रहेकोमा यस कार्यालयको कार्य क्षेत्र अन्तरगत रहेको भूगोलमा विगत ५ महिनादेखि भएको प्रतिकुल अवस्थाका कारण रु.९४,३१,५३,००० मात्र राजस्व असूली भएको छ ।




### सम्पादन गरिएका उल्लेख्य कार्य

मधेशमा विगत साउन महिना देखि जारी आन्दोलनका कारण यस कार्यालयको कार्य सम्पादनमा प्रत्यक्ष असर पुगी यहि माघ महिनाको तेस्रो साता देखि पूर्ण रुपमा सञ्चालनमा आएको कारणले यस आ.व.को हाल सम्मको अवधिमा खास उल्लेखनिय कार्य सम्पादन गर्न नसकेको भएतापनि सम्पादित केही कार्यहरुलाई यस प्रकार उल्लेख गरिएको छ ।

- सहकारी क्षेत्रमा करारोपणका सम्वन्धमा सहकारी संस्थाका प्रमुख पदाधिकारीहरुलाई प्रशिक्षण दिईएको ।
- सरकारी कार्यालयका लेखा प्रमुखहरुलाई *eTDS* सम्वन्धी तालिम दिईएको ।
- आ.व. २०७२/०७३ को बजेटले कर सम्बन्धमा गरेको व्यवस्थाको सम्बन्धमा उद्योग बाणिज्य संघ लगायत अन्य व्यवसायिक संगठनहरु एवं पेशागत संगठनहरुसंग अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको ।

### कार्य सम्पादनका क्रममा आईपरेका समस्याहरु

- आ.व. २०७२/०७३ को सुरुवात देखिनै तराई मधेशमा जारी आन्दोलनका कारण यस कार्यालयले धेरै समस्याहरुको सामना गर्नु परेको छ। आन्दोलनको क्रममा यस कार्यालयको करदाता सेवा शाखा रहेको भवनमा आगजनी भई सो भवनमा रहेका सम्पूर्ण फर्निचर, कम्प्यूटरहरु, कार्यालयमा जडान भएको सि सि टिभि क्यामरा एवम करदाता सेवा शाखासंग सम्वन्धित सम्पूर्ण कागजात आगलागीका कारण जली नष्ट भएका छन् ।
- आन्दोलनका क्रममा यस कार्यालयको हाता भित्र रहेको सवारी ग्यारेजमा रहेको अवस्थामा नै आगजनी भई पार्किङमा राखिएका बोलेरो जिप र सेन्ट्रो कार जलि नष्ट भएका छन्। त्यसै गरी सो ग्यारेज जल्दा यस कार्यालयको मुख्य भवनका एउटा कोठामा समेत आगलागी भई सो मा रहेका फर्निचर र कम्प्यूटरहरु जलि नष्ट भएका छन् ।
- वन्द हड्तालका कारण करदाताहरुले मू.अ.कर विवरण एवम आय विवरण लगायतका विवरणहरु र कर समेत समयमा बुझाउन प्रतिकूल अवस्थाका कारण कार्यालयको निर्धारित लक्ष्य हासिल हुन नसक्केो अवस्था रहेको छ।
- कार्यालयका हाता भित्र राजस्व बुझ्ने बैंक काउण्टर नभएकाले राजस्व दाखिलामा कठिनाई पर्दै आएको छ।
- चालू अवस्था नरहेका व्यवसायिक प्रतिष्ठान एवम सार्वजनिक सस्थानहरुको अत्याधिक बक्यौताको कारणले बक्यौता व्यवस्थापनको कार्य जटिल बनेको छ ।
- बजारमा शान्ति सुरक्षाको प्रभावकारी व्यवस्थाको अभावका कारणले सघन रुपमा बजार अनुगमनको कार्य गर्न सकिएको छैन ।
- दरवन्दी अनुसार कर्मचारी पदस्थापना विशेष गरी ना.सु.को दरबन्दी पुर्ति नहुदां सेवा प्रवाहमा असर परेको छ।
- विगत लामो समयदेखि रहेका करिब ३० प्रतिशत *Nonfiler* लाई करदाता सम्पर्कमा नभएका कारण *Filer* गराउन कठिनाई ।

### समस्या समाधानका लागि भएका प्रयासहरु

- आगलागीबाट क्षति भएको भवन

मर्मत सम्भार गरी पुनः प्रयोगमा ल्याउन मर्मतको कार्य भइरहेको साथै आवश्यक फर्निचर एवम कम्प्यूटर व्यवस्थापनको कार्य भईरहेको ।

- सवारी साधनको व्यवस्थापनका लागि आन्तरिक राजस्व विभाग तथा अर्थ मन्त्रालयमा अनुरोध गरिएको ।
- कार्यालयको हाता भित्र एभरेष्ट बैंकको काउण्टर स्थापनाका लागि पत्राचार गरिएको ।
- नपुग कर्मचारी व्यवस्थापनका लागि आन्तरिक राजस्व विभागलाई जानकारी गराईएको ।
- करदाता मैत्री वातावरण तयार गर्न परामर्श सेवालाई विशेष ध्यान दिएको ।

### कार्यालयका आगामी योजना

- सवै शाखाहरुको कार्य सम्पादनका लागि Funtional Indicator को आधारमा कार्य सम्पादन कार्य योजना तर्जुमा गरी लागू गर्ने ।
- मधेश आन्दोलनका कारण हासिल हुन नसकेका कार्य सम्पादनका लक्ष्यहरु मध्ये बाँकी अवधिमा हासिल गर्नुपर्ने लक्ष्यहरु हासिल गर्न सम्पूर्ण कर्मचारीहरुले सकृय रुपमा कार्य सम्पादन गर्ने ।
- जिल्लाका विभिन्न स्थानहरुमा घुम्ती सेवा एवम करदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने ।
- बन्द, हड्तालका कारण सहज रुपमा सेवा प्राप्त गर्न नसकेका करदाताहरुमा प्रभावकारी रुपमा सेवा उपलब्ध गराउदै पारदर्शी, उत्तरदायी एवम करदातामैत्री कार्यालयका रुपमा सेवा प्रवाहमा जोड् दिने ।
- सरोकारवाला सवै निकायहरुसंग आवश्यक समन्वय गर्दै राजस्व प्रशासनको दरिलो उपस्थितिको अवस्था निर्माण गर्ने ।
- अनुसन्धानात्मक कर परीक्षणमा जोड् दिदै परीक्षणमा गुणात्मकता अभिवृद्धि गर्ने ।
- कर बक्यौता असुली र बेरुजु फछर्यौटको कार्यलाई तिव्रता दिने ।

### अन्य निकायहरुसंग अपेक्षाः

यस कार्यालयले व्यवसायिक एवम ब्यापारिक क्षेत्रका विविन्न गैर सरकारी एवम नेपाल सरकारका विभिन्न कार्यालयहरुसंग आवश्यक समन्वय गर्दै आफ्नो कार्य सम्पादन गर्दै आएको छ । गैर सरकारी एवं निजी क्षेत्रहरुसंगको साझेदारीलाई कर कानूनको बारेमा आवश्यक सूचना तथा जानकारी उपलब्ध गराउने कार्यतर्फ केन्द्रीत गरिएको छ भने सरकारी निकायबाट आवश्यक सूचना तथा जानकारी प्राप्त गर्ने लगायत त्यस्ता निकायहरुको कार्य प्रकृतिमा आधारित रहि समन्वयात्मक सहयोग आदान प्रदान गर्ने गरिएको छ । यस कार्यालयले गैर सरकारी एवं निजी क्षेत्रबाट कार्यालयको कार्यमा सघाउ पुग्नेगरी आवश्यक सूचना उपलब्ध गराउने र सरकारी एवं निजी क्षेत्रबाट राजस्व संकलनमा सघाउ पुऱ्याउने कार्यमा आवश्यक सहयोग प्राप्त होस भन्ने अपेक्षा राखेको छ ।

८ पेजको बांकी....

सीमा पारीका भएको कारण कानुनी कारवाही गरी वक्यौता असुली गर्न नसकिएको ।

- ➢ अर्घाखांची जिल्लाका करदाताहरुले सो जिल्ला स्थित वैकमा दाखिला गरको रकमको वैंक स्टेटमेण्ट समयमा नआउदा करदाताको करदाखिला अभिलेख दुरुस्त नहुने र करदाताहरुले सधै दुख पाउने गरेको ।
- ➢ कार्यालय परिसरमा वैक काउण्टर राख्न अनिवार्य भइ लेखापढी भएतापनि वैक काउण्टर आइनसकेको ।

### विभागसंगको अपेक्षाः

विभागसंग निम्न कुरामा आवश्यक सहयोगको अपेक्षा गरिएको छ ।

- ➢ सवारी साधनको लागि वजेटको व्यवस्था ।
- ➢ दरवन्दी वमोजिमका कर्मचारीहरुको व्यवस्था ।
- ➢ कर्मचारी आवाश भवनको लागि वजेटको व्यवस्था ।
- ➢ कार्यालय परिसरमा वैंक काउण्टर राख्न थप पहल हुनुपर्ने ।

## बहालधनीहरू करको दायरामा आउने सम्बन्धी आन्तरिक राजस्व विभागको अत्यन्त जरुरी सूचना

आयकर ऐन, २०५८ बमोजिम प्रत्येक प्राकृतिक व्यक्तिले आफुले प्राप्त गरेको बहाल आयको दश प्रतिशतले हुने रकम बहालकर बापत राजस्व दाखिला गर्नुपर्ने र व्यावसायिक कारोबार गर्नेले बहाल रकम भुक्तानी गर्दा दश प्रतिशत रकम कट्टा गरी राजस्वमा दाखिला गरेपछि मात्र बाँकी रकम घरधनीलाई भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । घर, बंगला, पसल, कम्प्लेक्स, डिपार्टमेन्टल स्टोर्स, अपार्टमेन्ट, जमीन, मेशिनरी औजार लगायतका सम्पत्ति भाडामा लगाई वहाल आय आर्जन गरिरहेका व्यक्तिहरूलाई करको दायरामा ल्याउन आन्तरिक राजस्व कार्यालयहरू तथा करदाता सेवा कार्यालयहरूबाट कर्मचारीहरू घरदैलोमा खटाइसकिएका छन् । बहालयोग्य सम्पत्ति बहालमा लगाई आय आर्जन गरिरहेका तर बहालकर नतिरेका बहालधनीहरूले बहाल आय घोषणा फाराम भरी बहालकर बुझाई बहाल कर पुस्तिका अनिवार्य रुपमा लिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

संरक्षक
चुडामणि शर्मा

संयोजन
दीपक अधिकारी

प्रकाशक
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन नं.: ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९
Email: taxbulletin@ird.gov.np
website: www.ird.gov.np

सल्लाहकार
राममणि दुवाडी
विष्णुप्रसाद नेपाल

सम्पादन समूह
सम्झना बराल
शिवलाल तिवारी
आनन्द काफ्ले
अर्जुनप्रसाद भट्टराई
प्रकाश शर्मा ढकाल